## वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्थाहरुको शाखा कार्यालयको अनुमतिपत्र नवीकरण गर्ने बारेको सूचना

वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्थाहरुले यस विभागबाट अनुमति लिई स्वदेशमा स्थापना गरेको शाखा कार्यालय वैदेशिक रोजगार ऐन, २०६४, वैदेशिक रोजगार नियमावली, २०६४ तथा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्थाहरुको स्वदेशमा शाखा कार्यालय सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ (पहिलो संशोधन सहित) बमोजिम इजाजतपत्रवाला संस्थाहरुलाई २०८३ असार १ गते देखि २०८३ असार मसान्तभित्र देहाय अनुसारको प्रमाणित कागजातहरु संलग्न राखी आ.व. २०८३/०८४ को लागि शाखा कार्यालय अनुमतिपत्र नवीकरण आवेदन <u>यस विभागमा</u> दिन सरोकारवालाहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | पेश गर्नुपर्ने कागजातहरु (कागजातहरु प्रमाणित भएको हुनुपर्ने।) |
|---|---|
| १ | • नवीकरण गरिदिने बारेको संस्थाको निवेदन<br>निवेदनमा अघिल्लो आ.व. (०८१/०८२) मा शाखा कार्यलयबाट वैदेशिक रोजगारमा संस्थाले कामदार पठाएको संख्या र कामदारको अवस्थाको विवरण समेत खुलाउनुपर्ने |
| २ | शाखा कार्यालयको अनुमतिपत्र नवीकरण गर्ने सम्वन्धी संस्थाको संचालक समितिको निर्णय |
| ३ | शाखा कार्यालयको निम्न कागजातः<br>• नवीकरण दस्तुर रु.५०००/- (पाँच हजार) *:- दाखिला अनुसारको वैदेशिक रोजगार बोर्डको सचिवालय, बबरमहल, काठमाडौंको रसिद।*<br>• शाखा कार्यालय संचालन अनुमतिपत्र लिँदा पेश गरेको धरौटी रसिदको प्रति<br>• शाखा कार्यालय संचालन अनुमति पत्र (२०८३ असार मसान्तसम्म नवीकरण भएको)<br>• हाल शाखा कार्यालय रहेको स्थानको Google Plus code सहितको Updated Google map<br>• हाल शाखा कार्यालय रहेको घर नं, सडक/मार्ग, टोल, फोन नम्वर, मोबाइल नम्वर र इमेल लगायतको पूरा विवरण<br>• शाखा प्रमुखको र शाखा कार्यालयका अन्य कर्मचारीको विवरण |
| ४ | ईजाजतपत्रवाला संस्थाको निम्न कागजातहरु:<br>• ईजाजतपत्रको प्रति (२०८३ असार मसान्तसम्म नवीकरण भएको),<br>• बैंक ग्यारेण्टी प्रति (न्यूनतम २०८५ श्रावण मसान्तसम्म बहाल रहने अन्तिम मिति भएको)<br>• धरौटी रसिदको प्रति<br>• पछिल्लो शेयर लगत र सोको कभर लेटर (कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी भएको)<br>• कम्पनी रजिष्ट्रारको कार्यालयबाट आ.व. ०८१/८२ को कम्पनी अद्यावधिक गरेको पत्र<br>• आ.व. ०८१/८२ को कर चुक्ता प्रमाणपत्र |
| ५ | शाखा कार्यालयका सबै कर्मचारीहरुलाई समयमै तलब भुक्तानी गरेको, शाखा कार्यालय भाडामा रहेको भए सम्झौता अनुसार नियमित घरभाडा भुक्तानी गरेको र कानून बमोजिम तिर्नु बुझाउनु पर्ने घर बहाल कर बुझाएको संचालकको स्वघोषणापत्र |
| ६ | पेश गरेका सम्पूर्ण कागजातहरू वास्तविक हुन झुठा भए कानून बमोजिम सहुँला बुझाउँला भनी अध्यक्ष/संचालकले गरेको प्रतिवद्धतापत्र |

पुनश्चः नवीकरणको लागि आवेदन गर्नुपहिले शाखा कार्यालयको शाखा प्रमुख, कर्मचारी, फोन नम्वर, मोबाइल नम्वर र इमेल लगायतको पूरा विवरण अनिवार्य अपडेट गर्नुपर्नेछ।

शाखा अधिकृत